# नेपाल बीमा प्राधिकरण

पदपूर्ति समिति

## आ.प्र./खुला/समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति २०७९।८।२३)

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस प्राधिकरणमा रिक्त तपसिल बमोजिमका पदहरूमा नेपाल बीमा प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम १४ बमोजिम आन्तरिक, खुला/समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले देहायको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आवहान गरिन्छ । रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले प्राधिकरणको https://vacancy.nib.gov.np मा अनलाइन दरखास्त प्रणालीबाट आवेदन दिनु पर्ने छ।

| क्र.सं. | विज्ञापन नम्बर | पद | श्रेणी | सेवा, समूह | आ.प्र./खुला/ समावेशी | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ३/२०७९-८० | उप निर्देशक | अधिकृत द्वितीय | प्रशासन | आ.प्र. | २ (दुई) |
| २ | ४/२०७९-८० | | | | खुला | १ (एक) |
| ३ | ५/२०७९-८० | उप निर्देशक (चार्टर्ड एकाउन्टेन्ट) | अधिकृत द्वितीय | प्रशासन | खुला | १ (एक) |
| ४ | ६/२०७९-८० | उप निर्देशक (सूचना प्रविधि) | अधिकृत द्वितीय | प्रशासन | खुला | १ (एक) |
| ५ | ७/२०७९-८० | सहायक निर्देशक | अधिकृत तृतीय | प्रशासन | आ.प्र. | ३ (तीन) |
| ६ | ८/२०७९-८० | | | | खुला | ७ (सात) |
| ७ | ९/२०७९-८० | | | | महिला | १ (एक) |
| ८ | १०/२०७९-८० | | | | आ.ज. | २ (दुई) |
| ९ | ११/२०७९-८० | | | | मधेसी | १ (एक) |
| १० | १२/२०७९-८० | | | | दलित | १ (एक) |
| ११ | १३/२०७९-८० | सहायक निर्देशक | अधिकृत तृतीय | कानुन | आ.ज. | १ (एक) |
| १२ | १४/२०७९-८० | | | | मधेसी | १ (एक) |
| १३ | १५/२०७९-८० | सहायक निर्देशक (चार्टर्ड एकाउन्टेन्ट) | अधिकृत तृतीय | प्रशासन | खुला | २ (दुई) |
| १४ | १६/२०७९-८० | | | | महिला | १ (एक) |
| १५ | १७/२०७९-८० | सहायक निर्देशक (सूचना प्रविधि) | अधिकृत तृतीय | प्रशासन | महिला | १ (एक) |
| १६ | १८/२०७९-८० | सहायक प्रथम | सहायक प्रथम | प्रशासन | खुला | ४ (चार) |
| १७ | १९/२०७९-८० | | | | महिला | २ (दुई) |
| १८ | २०/२०७९-८० | | | | आ.ज. | १ (एक) |
| १९ | २१/२०७९-८० | | | | मधेसी | २ (दुई) |
| २० | २२/२०७९-८० | | | | पि.क्षे. | १ (एक) |

१. **परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता (लिखित परीक्षाको माध्यम भाषा र किसिम सम्बन्धित पदको पाठ्यक्रममा तोकिए बमोजिम हुने छ) ।

२. **परीक्षा केन्द्रः** लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुने भएकोले परीक्षा केन्द्र लोक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

३. **दरखास्त दस्तुरः** अधिकृत स्तर द्वितीय श्रेणीको हकमा रू. १२००।- (एक हजार दुई सय), अधिकृत तृतीय श्रेणीको हकमा रू. १०००।- (एक हजार) र सहायक प्रथम श्रेणीको हकमा रू. ४००।- (चार सय) हुनेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारका हकमा थप प्रति समूहका लागि अधिकृत स्तर हकमा रू. ४००।- (चार सय) र सहायक प्रथम श्रेणीको हकमा रू. २००।- (दुई सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०७९।९।२४ गते र दोब्बर दस्तुर तिरी २०७९।१०।२ गते सम्म ।

**५. उम्मेदवारको उमेरको हदः** नेपाल बीमा प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम १९ मा भएको व्यवस्था बमोजिम

(क) अधिकृत द्वितीय श्रेणी उपनिर्देशक पदका लागि दरखास्त पेस गर्ने अन्तिम मितिसम्म २१ बर्ष पूरा भएको र ४५ वर्ष उमेर ननाघेको हुनु पर्नेछ,

(ख) अधिकृत तृतीय श्रेणी सहायक निर्देशक पदका लागि दरखास्त पेस गर्ने अन्तिम मितिसम्म २१ बर्ष पूरा भएको र ३५ वर्ष उमेर ननाघेको साथै महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको हुनु पर्नेछ,

(ग) सहायक प्रथम पदका लागि दरखास्त पेस गर्ने अन्तिम मितिसम्म १८ बर्ष पूरा भएको र ३५ वर्ष उमेर ननाघेको हुनु पर्नेछ साथै महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको हुनु पर्नेछ,

(घ) नेपाल बीमा प्राधिकरणमा कार्यरत कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

६. **दरखास्त दस्तुर बुझाउने विधिः** दरखास्त दस्तुर प्राधिकरणको अनलाइन दरखास्त प्राणालीमार्फत विद्युतीय माध्यम (eSewa वा Khalti वा connectIPS) बाट बुझाउनु पर्नेछ ।

७. **अपलोड गर्नु पर्ने कागजातहरू**: उम्मेदवारले नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता (समकक्षता वा सम्बद्धता आवश्यक भए सो समेत), अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजातहरु अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF/JPG/PNG Format मा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख विवरणको सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनु पर्नेछ

८. **लिखित परीक्षा मितिः** लोक सेवा आयोगवाट विवरण प्राप्त भए पछि जानकारी गराइनेछ ।

९. **अन्तर्वार्ता अधिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः** लिखित परीक्षाको नतिजा प्रकाशन हुँदा सूचना गरिनेछ ।

१०. **तलब र सुविधाः** बीमा प्राधिकरणको कर्मचारी सेवा शर्त विनियमावली बमोजिम हुनेछ ।

**११. आवश्यक न्यूनतम शैक्षिक योग्यता (आ.प्र. र खुला तथा समावेशी समूहतर्फ समेत)**

(क) अधिकृत द्वितीय श्रेणी, प्रशासन समूह, उप निर्देशक पदका लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधी प्राप्त गरेको,

(ख) अधिकृत द्वितीय श्रेणी, प्रशासन समूह, उप निर्देशक (चार्टर्ड एकाउण्टेण्ट) पदका लागि मान्यता प्राप्त निकायबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको उपाधी प्राप्त गरेको,

(ग) अधिकृत द्वितीय श्रेणी, प्रशासन समूह, उपनिर्देशक (सूचना प्रविधि) पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट Master of Computer Application (MCA), Master of Science in Computer Science and Information Technology (M.SC.CSIT), Master of Technology (M. Tec) in Computer, Master of Engineering in Computer Engineering (M.E.C.E), Master of Science in Information System Engineering (M.SC.ISE), Master of Information and Communication Engineering (M.I.C.), Master Degree in Information Technology (IT) वा सूचना प्रविधि सम्बन्धी विषयमा स्नातकोत्तर वा सो सरह उत्तिर्ण गरेको,

(घ) अधिकृत तृतीय श्रेणी, प्रशासन समूह, सहायक निर्देशक पदका लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधी प्राप्त गरेको,

(ङ) अधिकृत तृतीय श्रेणी, कानुन समूह, सहायक निर्देशक पदका लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातकोत्तर उपाधी प्राप्त गरेको,

(च) अधिकृत तृतीय श्रेणी, प्रशासन समूह, सहायक निर्देशक (चार्टर्ड एकाउण्टेण्ट) पदका लागि मान्यता प्राप्त निकायबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको उपाधी प्राप्त गरेको,

(छ) अधिकृत तृतीय श्रेणी, प्रशासन समूह, सहायक निर्देशक (सूचना प्रविधि) पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट Master of Computer Application (MCA), Master of Science in Computer Science and Information Technology (M.SC.CSIT), Master of Technology (M. Tec) in Computer, Master of Engineering in Computer Engineering (M.E.C.E), Master of Science in Information System Engineering (M.SC.ISE), Master of Information and Communication Engineering (M.I.C.), Master Degree in Information Technology (IT) वा सूचना प्रविधि सम्बन्धी विषयमा स्नातकोत्तर वा सो सरह उत्तिर्ण गरेको,

(ज) सहायक स्तर प्रथम श्रेणी, प्रशासन समूह, सहायक प्रथम पदका लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तिर्ण गरेको ।

१२. **आन्तरिक प्रतियोगिताको लागि आवश्यक सेवा अवधि/अनुभवः**

(क) नेपाल बीमा प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम ५७ मा उल्लेख भए बमोजिमको अवधि

**१३. खुला/समावेशी प्रतियोगिताको लागि आवश्यक सेवा अवधि/अनुभवः** नेपाल बीमा प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम २० मा उल्लेख भए बमोजिम,

(क) अधिकृत द्वितीय श्रेणी, प्रशासन समूह, उपनिर्देशक पदका लागि कुनै सरकारी सेवा वा नेपाल सरकारको स्वामित्व भएको संगठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच (५) वर्ष काम गरेको अनुभव हासिल गरेको,

(ख) विद्यावारिधी हासिल गरेको व्यक्तिको हकमा अनुभवको अवधि २ वर्ष कम भए पनि हुनेछ ।

**१४. उम्मेदवारले पेस गर्नु पर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः** दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी पेस गर्नु पर्ने छ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भए पछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैले प्रमाणित गरेको प्रतिलिपि समेत साथमा लिई आउनु पर्ने छ । उल्लिखित कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समयमा दरखास्त रद्द हुन सक्ने छ।

**(क) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूको लागि आवश्यक पर्ने थप कागजातहरू:**

(अ) आदिवासी/जनजातीको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर उक्त ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात,

(आ) मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमाजिमको संस्थाबाट मधेशी भनि प्रमाणित गरेका कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनि प्रमाणित गराएको कागजात,

(इ) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएका जातिका हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएका जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएका जाति भित्रका थर भनि प्रमाणित गराएको कागजात,

(ई) पिछडिएको क्षेत्र (पि.क्षे.) का हकमा नेपाल बीमा प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम १४ को उप विनियम ६ को स्पष्टिकरण खण्ड १ मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनि प्रमाणित गरेको कागजात। (दरखास्त फाराम भर्ने दिन भन्दा ३ (तीन) महिना अगाडि सम्मको सिफारिसको आधारमा )। स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नु पर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको वा पिछडिएको क्षेत्रभित्र पर्ने जिल्लामा विवाह गरी वा बसाइसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइसराईको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाइसराई गरेको खुल्ने कागजात ।

**१५. विविधः**

(क) दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम शैक्षिक योग्यता, सेवा अवधि, उमेर, अनुभव पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई यो प्रयोजनको लागि गणना गरिने छैन,

(ख) नेपाल बीमा प्राधिकरणको वहालवाला कर्मचारीले समान श्रेणीको पदमा उम्मेदवार बन्न पाउने छैन,

(ग) नेपाल बीमा प्राधिकरणद्वारा तोकिएको म्याद भित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन,

(घ) विदेशी संस्थाबाट शैक्षिक योग्यताको प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरुले दरखास्त दिने अन्तिम मिति भित्र सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराई सो कागजात स्क्यान गरी निर्धारित स्थानमा अपलोड गर्नु पर्नेछ,

(ङ) उम्मेदवारले प्रवेशपत्रमा आफु उम्मेदवार हुने किसिम/ समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ,

(च) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ,

(छ) अद्यावधिक पाठ्यक्रम बीमा प्राधिकरणको वेबसाइट www.nib.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

(ज) लिखित परीक्षामा आउँदा उम्मेदवारले आफ्नो सक्कल नागरिकता प्रमाणपत्र र प्राधिकरणको अनलाइन दरखास्त प्रणालीबाट आफैले डाउनलोड गरी प्रवेश पत्र अनिवार्य लिइ आउनु पर्नेछ ।

सदस्य सचिव
पदपूर्ति समिति